# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७९/८०

## सेवा करारमा लिने बारे म्याद थप सम्बन्धी सूचना

*(दोस्रो पटक सूचना प्रकाशित मितिः २०७९/०७/२७)*

मरिण गाउँपालिकाको शिक्षा सहजकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम शिक्षा सहजकर्ता पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्न मिति २०७९/०७/०६ गते प्रकाशित विज्ञापनमा निर्धारित समयावधि भित्र कसैको पनि दरखास्त नपरेकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त पुनः आह्वान गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | सेवा, सुविधा | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०७९/०८० | शिक्षा सहजकर्ता (अधिकृतस्तर) | १ (एक) | कार्यविधिमा उल्लेख भए बमोजिम | १,०००/- | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
   क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,
   ख) कम्तीमा आधारभूत तह सम्मको कम्प्युटर सम्बन्धी र सूचना प्रविधि सम्बन्धी आवश्यक सीप भएको,
   ग) IEMIS, LMS लगायत आधुनिक सूचना प्रविधिको आधारभूत जानकारी भएको,
   घ) कुनै फौजदारी अभियोग नलागेको,
   ङ) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा २५ वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको,
   च) कार्यविधि बमोजिम आवश्यक अन्य योग्यता तथा अनुभव ।

२. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्नेछ।

३. **दरखास्त दिने स्थानः** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।

४. **दरखास्त दिने अन्तिम मिति :** २०७९/०८/११ गते कार्यालय समय भित्र ।

५. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक लि., कपिलाकोट शाखामा रहेको मरिण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१०००२ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

६. **छनौटका आधारहरु :** लिखित परीक्षा, प्रस्तावनापत्रको मूल्याङ्कन र अन्तरवार्ता ।

७. **पाठ्यक्रमः** कार्यविधिमा निर्धारण भए बमोजिम

८. लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।

९. **कार्यविवरणः** कार्यविधि अनुसार गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम ।

१०. **करार अवधिः** २०८० असार मसान्त सम्म (कार्यसम्पादनको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले करार अवधि एक वर्ष नबढ्ने गरी थप गर्न सक्नेछ) ।

११. मरिण गाउँपालिकाको शिक्षा सहजकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ र दरखास्त फारम यस गाउँपालिकाको वेभसाइट www.marinmun.gov.np मा प्राप्त गर्न सकिनेछ ।

२०७९/०७/२६

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत